**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेब खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३६४

पुनरावेदन दर्ता मितिः२०७७।०६।२९

पुनरावेदन नं. ०७७-RB-०२५०

**मुद्दाः– अग्रिम कर (२०७४/०७५) ।**

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १, स्थित सुजल फुड्स प्रा. लि. (स्थायी लेखा नं. ३०००१२९०५) को तर्फबाट अख्तियार प्राप्त वित्त प्रमुख अनुप बजिमय.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री झलकराम अधिकारी

शुरु कार्यालयको निर्णय मितिः–२०७६।०९।०८

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७।०३।१८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिबक्ता श्री संगिता थोकर
**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७७।०३।१८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत चकलेट तथा कन्फेक्सनरी उत्पादन तथा बिक्री बितरण गर्ने करदाता सुजल फुड्स प्रा.लि.ले आ.व. २०७४/०७५ को लागि आयकर ऐन, २०५८ को दफा ९९ वमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.९०,५७,४१७।०३ कायम गरी मिति २०७५।०९।३० मा आय विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको आ.व. २०७४/०७५ को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानविन गरी कर परीक्षण गर्दा आयकर ऐन,२०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने केही भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाईएकोले ऐनको दफा ८७ र ८८ बमोजिमको अग्रिम कर कट्टी माग गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०८।२३ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०८।२३ मा जारी भएको सूचना करदाताले मिति २०७६।०८।२३ मा नै बुझी लिई सूचनाको जवाफ करदाताले मिति २०७६।०६।२७ मा पेश गरेको ।

४. यस कार्यालयबाट मिति २०७६।०८।२३ मा जारी भएको अग्रिम कर दाखिला गर्ने सूचनामा कुनै परिवर्तन नभई आ.ब.२०७४/०७५ को लागि रू. १४,६२,१२३।-(अक्षरेपी चौध लाख बैसठ्ठी हजार एक सय तेइस मात्र) अग्रिम कर माग गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम आदेश दिने गरी ठूला करदाता कार्यालय,हरिहरभवन, ललितपुरबाट मिति २०७६।०९।०८ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०९।०८ मा जारी गरेको आ.व. २०७४/०७५ को अग्रिमकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता सुजल फुड्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।११।०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदक सुजल फुड्स प्रा.लि.ले Scheme Expense,Ad commission मा आयकर ऐन. २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रिम करकट्टी माग गरी कर निर्धारण गरिएको र करकट्टीको यर्थाथ विवरण प्राप्त नभएको आधारमा दफा १२० क बमोजिम गणना गरिएको शुल्क र दफा ११९ बमोजिमको व्याज कानून बमोजिम नै भएको देखिएकोले यसमा कार्यालयले गरेको संसोधन कर निर्धारण आयकर ऐन, २०५८ को दफा ८८(१) मा उल्लेखित व्यवस्था बमोजिम कमिशनमा १५ प्रतिशतले लाग्ने कर निर्धारण गरी सो मा लाग्ने व्याज र शुल्क निर्धारण गरी गरिएको संसोधित कर निर्धारण कानून सम्मत नै देखिएकोले यसमा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा भएको निर्णय ।

७. यसमा भुक्तानी नै नभएको र आय समेत नभएको रकममा अग्रिम कर कट्टी हुने भनी कर, व्याज तथा शुल्क गरी माग गरिएको त्रुटीपूर्ण छ। Scheme Expense,Ad commission र Selling and Distribution अन्तर्गत **Advertisement Expenses** खर्च कमिशन नभई बिक्री योजना अन्तर्गत खुद्रा विक्रेता समेतले पाउने गरी नगद छुट तथा वस्तुहरु उपलब्ध गराइएको हो । डिलर वा डिष्टिव्युटरहरुले होलसेल र रिटेलरहरुलाई कम्पनीको बिक्री स्किम बमोजिम दिएको छुट, डिस्काउन्टको सोधभर्ना गरेको रकम निजहरुको बिक्री कमिशन साथै डिलरहरुलाई आयको रुपमा दिएको समेत नहुँदा आय सरह मानी अग्रिम कर कट्टी गर्न मिल्दैन। अतः आयकर ऐन,२०५८ को दफा ८८(१) अन्तर्गत कर कट्टी गर्न नपर्ने रकममा अग्रिम कर लाग्ने भनी दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिमको शुल्क समेत हुने गरी ठूला करदाता कार्यालयबाट भएको आदेश र उक्त आदेश सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटीपूर्ण भएकोले बदर गरी विवादित अग्रिम कर कट्टीको रकम तथा शुल्क र व्याज समेत नलाग्ने फैसला गरी पाँउ भन्ने समेत वेहोराको पुनरावेदकको तर्फबाट मिति २०७७।०६।२९ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन-पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।१०।२१ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सुजल फुड्स प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकीले ठूला करदाता कार्यालय हरिहर भवनबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता

थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अग्रिम कर निर्धारणको मिति २०७६।०९।०८ मा भएको आदेश तथा प्रशासकिय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. करदाताको पहिलो पुनरावेदन जिकिर Scheme Expense, Ad commission र Selling and Distribution अन्तर्गत **Advertisement Expenses** भुक्तानीमा अग्रिम कर कट्टी निर्धारण गरेको सम्बन्धमा रहेको देखिन्छ। यसमा डिलर वा डिष्टिव्युटरहरुले होलसेल र रिटेलरहरुलाई कम्पनीको बिक्री स्किम बमोजिम दिएको छुट, डिस्काउन्टको सोधभर्ना गरेको रकम निजहरुको बिक्री कमिशन नभएकोले आय सरह मान्न नमिल्ने भएकोले आयकर ऐन,२०५८ को दफा ८८(१) अन्तर्गत कर कट्टी गर्न नपर्ने हुँदा संसोधित कर निर्धारण बदर गरी पाँउ भन्ने पुनरावेदन जिकीर लिएको देखिन्छ। करदाता ठुला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले आ.ब. २०७४/०७५ मा अग्रिम कर, शुल्क र व्याज गरी जम्मा रू १४,६२,१२३।- अग्रिम कर माग गरेको देखियो।आयकर ऐन,२०५८ को दफा ८८ उपदफा (१) मा "**बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज,प्राकृतिक स्रोत,भाडा,रोयल्टी,सेवा शुल्क,कमिशन,विक्री वोनस,अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवबाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार करदाताले Scheme Expense, Ad commission र Selling and Distributio अन्तर्गत **Advertisement Expenses** अन्तर्गतका खर्च व्यवसाय तथा बिक्री प्रवर्द्धनको लागि आफ्ना विभिन्न डिलर डिष्टिव्युटर्स तथा एजेन्ट लगायतलाई दिएको विभिन्न स्किम छुट सुविधा, कमिसन बापतको खर्च रहेको भनी दावी गरेको देखिन्छ। कुनै पनि व्यवसायीले आफ्नो व्यवसाय प्रर्वद्धन गर्न यस्ता खर्चहरु व्यवसायमा हुनु सामान्य नै मान्नु पर्ने हुन्छ। बिक्री प्रवर्द्धनका लागि चाहे आफुले आफै गरेको खर्च होस अथवा प्रस्तुत करदाताको तर्फबाट आफ्ना विभिन्न डिलर, डिष्टिव्युटर्स तथा एजेन्ट मार्फत खर्च गरी सोधभर्ना भएका रकमहरु हुन ती माथि उल्लेखित खर्चहरु एउटाको खर्च तथा अन्यको आय भएको नै हुन्छ। यसरी पुनरावेदक करदाताले Scheme Expense, Ad commission र Selling and Distribution अन्तर्गत **Advertisement Expenses** अन्तर्गतका शीर्षकहरुमा कानून बमोजिम अग्रिम कर

कट्टी गरी दाखिला गर्नुपर्नेमा सो गरेको देखिन आएन। यस्तो अवस्थामा आयकर ऐन. २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रिम करकट्टी माग गरी कर निर्धारण गरिएको र तोकिएको समयमा कर दाखिल नगरे वापत आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याज लगाएको समेत कानून बमोजिम नै देखिन आयो।

१२. अब अर्को पुनरावेदन जिकिर अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भन्ने रहेको देखियो। यसमा आयकर ऐन, २०५८ को दफा १२० मा "**झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई शुल्क लाग्नेः कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ**" भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा "**जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत।**" भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। साथै आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "**तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत**" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानूनी व्यवस्था मिति २०७७।०४।०१ मा प्रारम्भ हुनु भन्दा अघिको आ.व. २०७४/०७५ को हकमा मिति २०७६।०९।०८ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी अग्रिम कर माग गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा उक्त निर्णय न्यायोचित देखिएन।

१३. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सुजल फुड्स प्रा.लि.(स्थायी लेखा नम्वर ३०००१२९०५) को आ.व. २०७४/०७५ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालय, ललितपुरबाट अग्रिम करको रकममा आयकर ऐन,२०५८ को दफा १२० को खण्ड (क) बमोजिमको शुल्क लगाउने गरी मिति २०७६।०९।०८ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकिर सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए वमोजिम करदाता सुजल फुड्स प्रा.लि.(स्थायी लेखा नम्वर ३०००१२९०५) को आ.व. २०७४/०७५ को अग्रिम करको रकममा आयकर ऐन,

२०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क लगाएको हदसम्म ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०९।०८ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१८ मा गरेको निर्णय समेत सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले दफा १२०(क) बमोजिमको शुल्क वापतको रकम हिसाव गरी करदाताको अर्को आ.व. को हिसावमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेब खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर टाइपः- चन्द्रबहादुर नेपाली
फैसला मितिः-२०८०।०१।११।२
प्रमाणीकरण गर्ने  लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप